# रामग्राम नगरपालिकाको अनुरोध

## हावाहुरी र आगलागी बाट जोगिने उपायहरु

मौसम परिवर्तन संगै तराई क्षेत्रमा हावाहुरी चल्ने र गर्मी बढ्ने क्रम सुरु भएको छ। नेपालमा मौसम परिवर्तनसँगै आगलागी र हावाहुरीको जोखिम बढ्ने गर्छ। विशेषगरी गर्मी महिनामा डढेलो तथा घरहरुमा , खेतबारीमा आगलागीका घटनाहरू बढी देखिन्छन् भने बसन्त ऋतुमा हावाहुरीको प्रभाव बढी पर्न सक्छ। यस्ता विपद्बाट जोगिनका लागि निम्न उपाय अपनाउन नगरवासीहरुमा अनुरोध ।



१. जथाभावी आगो नलगाऔ ,साना बालबालिकाले भेट्ने ठाउँमा लाईटर, सलाई जस्ता प्रज्वलनसिल सामानहरु नराखौ ।

२. आगो लाग्न साथ तुरुन्त नजिकको प्रहरी वा पालिकालाई खबर गरौ ।आगो लागी हाल्यो भने उद्धारका सामग्री प्रयोग गरि आगो नियन्त्रणमा लागौ ।

३. घरको संरचना बलियो बनाऔ, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौ ।

४. छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौ , छतको गमला सुरक्षित रुपमा राखौ ।

५. जस्तापाता लगाएतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौ ।

६. हावाहुरी चलेको समयमा भागदौड नगरौ, बिस्तारै सुरक्षित स्थानमा जाऔ ।

७. हावाहुरी चलेको बेला सवारी नचलाऔ ।

८. आवश्यक काम बाहेक बाहिर नहिडौं, मास्क लगाएर मात्र हिडौ ।

९. विद्युत् उपकरणहरूको सुरक्षित प्रयोग गरौ,विद्युतीय तार र उपकरणहरू समय-समयमा जाँच गरौ।

१०. चुरोट, सलाई वा अन्य ज्वलनशील वस्तुहरू लापरबाहीपूर्वक नफालौ।

११. ग्यास चुहिएको छ कि छैन, बेलाबेला जाँच गरौ। ग्यास बाल्ने क्रममा झ्यालढोका खुला राख्ने गरौ।

१२. पानी प्रशस्त पिऔ, निरोगी बनौ ।

१३. **सावधानी अपनाएर आफू र आफ्नो परिवारलाई सुरक्षित राखौं!**

रामग्राम नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
परासी , नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश , नेपाल
**विपद् ब्यवस्थापन शाखा**

**धनपत यादव**
**नगर प्रमुख**
**रामग्राम नगरपालिका**

आपतकालिन सेवाको लागि आवश्यक फोन नम्बरहरु : **दमकल ९८४७०२११५५, ०८७-५२०६८४,एम्बुलेन्स ९८१७५८९२४६, प्रहरी १००, नगर प्रमुख ९८५७०४५४२५**